# नेपाल मानव अधिकार संगठन
# Human Rights Organisation of Nepal

Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)

केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu

Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org


मितिः २०८१/१२/१४

## प्रदर्शनलाई शान्तिपूर्ण बनाउन अपिल

राजतन्त्र समर्थक विभिन्न राजनीतिक दल एवं संगठन र गणतन्त्र समर्थक समाजवादी मोर्चामा संलग्न विभिन्न राजनीतिक दलहरुले चैत १५ गते उपत्यकामा आफ्नो शक्ति प्रदर्शनको तयारी गरेको भनी विभिन्न सञ्चार माध्यममा आएको समाचारप्रति नेपाल मानव अधिकार संगठनको ध्यानाकर्षण भएको छ ।

प्रदर्शनीका क्रममा दुवै पक्ष आमनेसामने हुने स्थितिको सिर्जना भएमा त्यसबाट उत्पन्न हुने परिस्थितिले शान्तिसुरक्षामा गम्भीर चुनौती थप्न सक्ने स्थिति बन्न सक्ने संगठनको ठम्याई छ ।

अतः आफ्नो विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकारको प्रयोग गर्दा अरुको अधिकारको हनन् नगरी देशको संविधान, अन्तर्राष्ट्रिय कानून, मानव अधिकारका अन्तर्राष्ट्रिय मान्यता, सन्धि, सम्झौताहरुको पालना गर्न र प्रदर्शनका कार्यलाई शान्तिपूर्ण बनाउन यो संगठन प्रदर्शनरत पक्षहरुलाई र त्यसबाट उत्पन्न हुन सक्ने परिस्थितिलाई आँकलन गर्दै शान्तिसुरक्षाको व्यवस्था मिलाउन, प्रदर्शनमा अनावश्यक बल प्रयोग नगरी मानव अधिकारप्रति संवेदनशील हुन, सम्मान गर्न नेपाल सरकार, सुरक्षा निकाय, राजनीतिक दलहरु लगायत सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक अपिल गर्दछ ।

इन्द्र प्रसाद अर्याल
अध्यक्ष
मो.नं: ९८५१०५८३६८